"प्रयोगमैत्री संरचना, शिक्षा पर्यटन र कृषि-समतामुलक विकास इन्द्रसरोवरको समृद्धि"

# इन्द्रसरोवर गाउँपालिकाको

## विनियोजन ऐन, २०७८

इन्द्रसरोवर गाउँपालिका सभा सचिवालय

कुलेखानी, मकवानपुर

बागमती प्रदेश

## <u>उद्देश्य र कारण</u>

आर्थिक बर्ष २०७८/७९ को सेवा र कार्यका लागि इन्द्रसरोवर गाउँपालिकाको संचित कोष बाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनीय भएकोले प्रस्तुत विधयेक पेश गर्नु परेको हो ।

प्रस्तुत विधयेकले स्थानीय संचित कोष बाट खर्च गर्ने अधिकार र सेवा तथा कार्यका निमित्त बिनियोजन गर्न सक्ने ब्यबस्था गरेको छ ।

**द्रष्टव्य :** यो विधेयक अर्थ विधेयक हो ।

**उमा कुमारी लामा**
**उपाध्यक्ष**
**इन्द्रसरोवर गाउँपालिका**

# आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि इन्द्रसरोवर गाउँपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि इन्द्रसरोवर गाउँपालिकाका सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम इन्द्रसरोवर गाउँ सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "इन्द्रसरोवर गाउँपालिकाको विनियोजन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७८ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२.आर्थिक वर्ष २०७८/७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७८/७९ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३८,४१,५९,७२६।०० (अक्षेरुपी अट्तिस करोड एकचालिस लाख उनानसाठी हजार सात सय छब्बिस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । तर नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने थप सशर्त अनुदानको हकमा प्राप्त भए वमोजिम तथा निशर्न्त अनुदानको हकमा कार्यपालिका बैठकको निर्णय बमोजिम खर्च गर्न सकिने छ ।

३. विनियोजन :

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त इन्द्रसरोवर गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. कार्यबिधि तथा मापदण्ड बनाउन सक्ने :

यस ऐनको कार्यान्वयन गर्न इन्द्रसरोवर कार्यपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ सो कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित गरेपछी कार्यान्वयन गरिनेछ ।

अनुसूचि—१

९दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.नं. | शिर्षक | आ.व. २०७८।०७९ अनुमानित |
|---|---|---|
| १ | संघीय वित्तिय समानिकरण अनुदान | ७६५००००० |
| २ | संघीय संघिय सशर्त अनुदान | ११९४००००० |
| ३ | संघीय राजश्व बाँडफाँड | ५४४४०००० |
| ४ | संघीय राजश्व बाँडफाँड विद्युत वन रोयल्टी | २२६४७७५९ |
| ५ | संघीय विषेश अनुदान | १०८००००० |
| ६ | संघीय समपुरक अनुदान | ० |
| ७ | प्रदेश वित्तिय समानिकरण अनुदान | ५८३७००० |
| ८ | प्रदेश सशर्त अनुदान | १४७५६००० |
| ९ | प्रदेश राजश्व बाँडफाँड सवारी साधन | १५०३९९६७ |
| १० | प्रदेश विभाज्य कोष दहत्तर बहत्तर | १५१००००० |
| ११ | प्रदेशमा बाँडफाँड हुने मनोरञ्जन, विज्ञापन | २००००० |
| १२ | प्रदेश विषेश अनुदान | २५००००० |
| १३ | प्रदेश समपुरक अनुदान | २५३६९००० |
| १४ | आन्तरिक श्रोत | ६५७०००० |
| १५ | गत आ.व. बैंक मौज्दात अनुमान | १५०००००० |
| | **जम्मा** | **३८,४१,५९,७२६।००** |